उपप्रमुख श्री किशोरी साहबाट

# जनकपुरधाम उप-महानगरपालिकाको

१३ औँ नगरसभामा पेश भएको

आर्थिक वर्ष २०८२/०८३ को

# बजेट वक्तव्य

जनकपुरधाम उप-महानगरपालिका

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

## आदरणीय नगरसभा अध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरु,

१. नेपालको संविधानको धारा २३० बमोजिम आर्थिक वर्ष २०८२/०८३ को राजश्व र व्ययको अनुमान यस सम्मानित सभामा प्रश्तुत गर्न अनुमती चाहन्छु ।

२. प्रस्तुत सन्दर्भमा आदरणीय नगरप्रमुखज्यूबाट मिति २०८२ असार १० गतेका दिन आ.व. २०८२/०८३ को लागि पेश भएको वार्षिक नीति तथा कार्यक्रमलाई आधारमानी आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

<u>आदरणीय नगरसभा अध्यक्षज्यू,</u>

अब म चालु आर्थिक वर्षको आर्थिक गतिविधि, बजेटको समिक्षा प्रस्तुत गर्न अनुमति चाहन्छु

३. चालु आ.ब. ०८१/८२ को प्रगती निक्कै उत्साहप्रद रहेको छ । यस आ.ब.मा चालु तर्फ ८० प्रतिशत र पुँजिगत तर्फ ८५ प्रतिशत भौतिक तथा ७१ प्रतिशत वित्तिय प्रगती भएको देखिन्छ ।

<u>आदरणीय नगरसभा अध्यक्ष्यज्यू,</u>

अब म अगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटको उद्देश्य र प्राथमिकताहरुलाई स्थीरता, उत्पादनशिल र रोजगार वृद्धी, समावेशी विकास, आत्मनिर्भरता र समृद्धीलाई ध्यानमा राखि बजेटका उद्देश्य निम्न अनुसार प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- ☞ नगरको भौतिक पूर्वाधारको विकासलाई गति प्रदान गर्ने ।
- ☞ ग्रामिण सडक तथा पुल निर्माण गर्ने ।
- ☞ पर्यटन प्रवर्द्धन गरी नगरलाई आकर्षक पर्यटनको गन्तव्य स्थल बनाउने ।
- ☞ कृषि, उद्योगको विकास र उद्यमशिलताको प्रवर्द्धन गर्ने ।
- ☞ लैंगिक समानता, सामाजिक समावेशिकरण र सामाजिक सुरक्षामार्फत विभेदमुक्त समाज निर्माण गर्ने ।

☞ रोजगारी सृजना र गरिबी न्यूनिकरणमा टेवापुर्याउने ।

☞ आमनगरवासीलाई गुणस्तरिय शिक्षा र आधारभूत स्वास्थ्य सेवाप्रदान गर्ने ।

☞ सुशासन प्रवर्द्धन र संस्थागत सबलिकरणमा जोड दिने ।

☞ नवपर्वतन/निजि साझेदारी योजना सञ्चालन गर्ने

☞ स्वच्छ, सुन्दर, सरसरफाईयुक्त र हरियालीयुक्तनगरको विकास गर्ने ।

☞ नगर वासिको रहर- "साझा, सुन्दर समृद्ध हरित सहर" गर्ने

☞ ग्रामिण विधुतीकरण गर्ने ।

४. यस उपमहानगरपालिकाको १३ औं नगरसभाबाट आ.व. २०८२/०८३ को लागि सामाजिक सुरक्षा तर्फ रकम रु. ५० करोड गरी चालु बजेट तर्फ रु. १,६०,११,३८,४६३।०० (एक अर्ब साठी करोड एघाह्र लाख अडतिस हजार चार सय त्रिसठी मात्र) र पुंजिगत बजेट तर्फ रु. १,४०,८८,७१,०००।०० (एक अर्ब चालिस करोड अठासी लाख एकहत्तरी हजार मात्र) गरी जम्मा रु. ३,०१,००,०९,४६३।०० (तिन अर्ब एक करोड नौ हजार चार सय त्रिसठी मात्र) वार्षिक बजेट विनियोजन गरिएको छ ।

५. चालु खर्च तथा पुँजिगत खर्चका शिर्षकगत कार्यक्रमहरु समावेश भएको विनियोजन विधेयक र करको दर र दायराको विवरण समावेश भएको आर्थिक विधेयकमा विस्तृत विवरण उल्लेख गरी राजश्व र व्ययको अनुमान पेश गरेको छु ।

उल्लेखित राजश्व र व्ययको खर्चको प्रभावकारी कार्यान्वयन मार्फत अपेक्षित उपलब्धीहरु हासिल गर्न सबैको सहकार्य आवश्यक हुन्छ । यसकालागि सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राजनीतिकदलहरु र यसका नेतृत्ववर्ग, कर्मचारीहरु, नीजि क्षेत्र, नागरिक समाज, संचारकर्मीज्यूहरु र आमजनसमुदायमा हार्दिक आव्हान गर्दछु ।

*"धन्यवाद"*

किशोरी साह
उपप्रमुख
जनकपुरधामउपमहानगरपालिका